नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: सार्वजनिक शान्ति विरुद्धको कसूर।

मि.नं.- ५२२ दायर मिति-: २०८१/०१/२१

फैसला मिति- २०८१।०२।१४

| वादी | प्रतिवादी |
|---|---|
| प्र.ब.ना.नि.सुनिल कुमार थापा समेतको प्रतिवेदनले नेपाल सरकार.........................१ | जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२१ बस्ने रमेश रामको छोरा बर्ष २२ को राजन राम .........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीलाई सोध पुछ गर्दा प्रहरीलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन
२. प्रतिवादीलाई सोध पुछ गर्दा प्रहरीलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्याएको हुँदा मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज
४. कार्तव्य पालनामा बाधा पुर्याएको हुँदा कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सरोज मण्डल समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको इन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा मिति २०८०।१२।२८ गते अ.२१:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१५ स्थित सडकमा राजन रामलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी राजन रामलाई कैद १ महिना १५ दिन गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी राजन राम लाई ठहरेको कैद दिन १ महिना १५ दिनको हकमा निज मिति २०८०-१२-२८ देखि २०८१-०२-१३ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको हुदाँ थुना मुक्त गर्न कारागार कार्यालय पर्सालाई पत्र लेखु ..१

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु ----------------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १४ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा चतुर्थी, शुभम् ........